नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(.................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८१/८२
चलनी नं.:- १५९३

मिति: २०८१।१२।११

विषय: थप कागजात/विवरणहरू पेश गर्ने सम्बन्धमा ।

श्री माउण्ट हिमलुङ्ग पावर डेभलपमेण्ट प्रा. लि.,
महालक्ष्मीस्थान, ललितपुर, ०१-५५२७४६९ ।

उपरोक्त सम्वन्धमा त्यस कम्पनीबाट बिच्छ्या खोला जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि मिति २०८१/१०/०८ मा पेश भएको दरखास्त उपर कारवाही हुँदा तपसिलमा उल्लिखित विवरण/कागजातहरू पेश हुन बाँकी देखिएकोले उक्त विवरण/कागजातहरू विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका २०७५ (पाँचौ संशोधन समेत) को दफा १० को उपदफा ३ बमोजिम पैंतिस (३५) दिन भित्र पेश गर्न हुन मिति २०८१/१२/१० को विभागीय निर्णयानुसार अनुरोध छ।

तपसिल:

१. प्रवर्द्धक कम्पनीको दर्ता, प्यान दर्ता, प्रबन्धपत्र, नियमावली, आ. व. २०८०/८१ को करचुक्ता प्रमाणपत्र र शेयर दर्ता किताबको नोटराइज प्रतिलिपि,
२. प्रबर्द्धक कम्पनि अध्यावधिक रहेको सम्बन्धी कम्पनि रजिस्ट्रारको कार्यालयबाट जारी गरिएको पत्र,
३. पछिल्लो आर्थिक बर्षको लेखापरीक्षण प्रतिवेदन,
४. संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.,
५. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा ८ बमोजिम प्रबर्द्धक कम्पनीको आर्थिक क्षमता पुष्टी हुने गरी विभागबाट तोकिएको ढांचाको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू,
६. नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,
७. परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली (नोटराइज प्रतिलिपि),
८. परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।

(शंकर बहादुर साउद)
इन्जिनियर

बोधार्थ :

१. श्रीमान् महानिर्देशकज्यू, विद्युत विकास विभाग।